8/6/2024

## National News

<u>मुख्य समाचार</u>

- प्रधानमन्त्रीको शपथ ग्रहण समारोह भोली साँझ राष्ट्रपति भवनमा हुनेछ
- सिक्कमका मुख्यमन्त्री अनि मन्त्री मण्डलको सपथ ग्रहण दस जुनमा
- ओडिसामा भारतीय जनता पार्टीको पहिलो मुख्यमन्त्री शपथ ग्रहण समारोहको भव्य तयारी
- सूचना अनि प्रसारण मंत्रालयले योग अभ्यासको गर्नेछ आयोजना

<u>प्रधानमन्त्री-राष्ट्रपति</u>

केन्द्रमा नयाँ सरकारको शपथ ग्रहण समारोहको तयारी धुमधामसित चलिरहेछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले NDA संसदीय दलका नेता श्री नरेन्द्र मोदीलाई नयाँ सरकार गठनका लागि आमन्त्रित गर्नुभएको छ। शपथ ग्रहण समारोह भोली बेलुका सात बजेर पन्द्र मिनटमा राष्ट्रपति भवनमा हुनेछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले श्री नरेन्द्र मोदी र उहाँको मन्त्री परिषदका सदस्यहरूलाई पद अनि गोपनीयताको शपथ दिलाउनुहुनेछ। श्री मोदीले हिजो राष्ट्रपतिसित भेट गरेर नयाँ सरकार बनाउने दावी पेश गर्नुभयो। यसअघि, भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाको नेतृत्वमा NDA-को एउटा प्रतिनिधिमण्डलले पनि राष्ट्रपतिसित भेट गर्दै एउटा पत्र दिँदै भनेको थियो कि श्री नरेन्द्र मोदीलाई भाजपा संसदीय दलका नेता निर्वाचित गरिएको छ। NDA-का घटक दलहरूको तर्फबाट समर्थन पत्र पनि राष्ट्रपतिलाई सुम्पिएको छ।

राष्ट्रपति भवन बाहिर श्री मोदीले भन्नुभयो, NDA-ले एउटा सुदृढ, स्थिर र विकासोन्मुख सरकारको गठन गर्नेछ। श्री मोदीले राष्ट्रपतिले आफूलाई प्रधानमन्त्री पदका लागि मनोनीत गरेको र आफूले राष्ट्रपतिलाई आइतबार बेलुका हुने शपथ ग्रहण समारोहप्रति आफू सहज रहेको विषयमा पनि सूचित गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, NDA सरकारलाई अझ एउटा अवसर दिएको छ र यो अठारौं लोकसभा नवीन र युवा ऊर्जाको स्रोत हुनेछ। श्री मोदीले उहाँको सरकारले देशवासीको आशा र आकांक्षा पूरा गर्ने पनि बताउनुभएको छ।

## सिक्किम

यसैबीच, सिक्किमका मुख्यमन्त्री तथा सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका अध्यक्ष श्री प्रेमसिंह तामाङले एघारौं विधानसभाका निम्ति आगामी दश जून सोमबारका दिन दोस्रोपल्ट मुख्यमन्त्री पदको शपथ लिनुहुनेछ।

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले श्री प्रेमसिंह तामाङ र उहाँको मन्त्री परिषदका सदस्यहरूलाई पनि पद अनि गोपनीयताको शपथ दिलाउनुहुनेछ। यस दिन बेलुकी चार बजी गान्तोकको पाल्जर स्टेडियममा हुने शपथ ग्रहण समारोहमा सहभागि बन्न राज्यवासीलाई आमन्त्रित पनि गरिएको छ।

## ओडिसा मुख्यमंत्री-शपथ

सोमवार ओडिसामा हुने भारतीय जनता पार्टीको पहिलो मुख्यमन्त्री शपथ ग्रहण समारोहको तयारी चलीरहेको छ। सोमबार बिहान भाजपा विधानमण्डल दलको बैठक हुनेछ, यसपछि भुवनेश्वरको जनता मैदानमा शपथ ग्रहण समारोह आयोजित हुनेछ। तर भारतीय जनता पार्टीको अहिले नयाँ मुख्यमन्त्रीको नामको निर्णय लिनुछ र सबैको नजर दिल्ली तर्फ छ, जहाँ पार्टीको संसदीय बोर्डमा यसमा अन्तिम निर्णय लिइने संभावना छ। यसैबीच, भारतीय जनता पार्टीलाई अठहत्तर सदस्य विधानमंडल दलको बैठकमा बोलाईएको छ, जसमा पार्टीका दुईजना केन्द्रीय पर्यवेक्षकको उपस्थितिमा नेतालाई औपचारिक रूपमा चयन गरिनेछ । ओडिसा विधानसभा चुनावमा भारतीय जनता पार्टीले एकसय सैतालीस सीटमध्ये अठहत्तर सीटमा जीत हासिल गरेर ठूलो सफलता प्राप्त गरेको छ, जबकि बीजू जनता दललाई एकाउन्न, कांग्रेसलाई चौध र अन्यलाई चार सीट प्राप्त भएको छ।

महाराष्ट्रका मुख्यमंत्री अनि शिवसेनाका नेता श्री एकनाथ शिन्दे, एल.जे.पी प्रमुख श्री चिराग पासवान, एन.सी.पी नेता श्री अजीत पवार, जन सेना प्रमुख श्री पवन कल्याण, अपना दल नेता सुश्री अनुप्रिया पटेल अनि जे.डी नेता श्री एच.डी कुमारस्वामीले पनि प्रस्तावको समर्थन

गर्नुभयो। यस अवसरमा श्री मोदीले भन्नुभयो, एन.डी.ए त्यस दलको समूह होइन जो सत्ताका लागि एकै साथ आएको छ, तर यो राष्ट्र प्रथमको भावनाका साथ काम गर्नका लगि प्रतिबद्ध गठबन्धन हो । उहाँले भन्नुभयो, एन.डी.ए भारतको इतिहासमा सबैभन्दा सफल गठबन्धन हो र हाम्रो लक्ष्य सबै निर्णयहरू सर्वसम्मतीमा गर्नु रहनेछ। श्री मोदीले भन्नुभयो, आज देशका जनताले एन.डी.ए –लाई बाइस राज्यमा सरकार बनाएर सेवा गर्ने मौका दिएको छ ।

योग-आकाशवाणी - दूरदर्शन

सूचना एवं प्रसारण मंत्रालयले योग अभ्यास बारे जागरूकताका लागि विभिन्न गतिविधीहरूको आयोजना गर्नेछ । सूचना तथा प्रसारण सचिव श्री संजय जाजू र आयुष मंत्रालयका सचिव श्री वैद्य राजेश कोटेचाले हिजो नयाँ दिल्लीमा अन्तर्राष्ट्रीय योग दिवस दुई हजार चौबीसको कार्यक्रमको तयारीको समीक्षा गर्नुभयो। लोक सेवा प्रसासक, प्रसार भारती दूरदर्शन र आकाशवाणी नेटवर्कका माध्यमद्वारा विभिन्न कार्यक्रमको प्रसारण गरिनेछ । मंत्रालयले भनेको छ, दूरदर्शनले , बिहान विशेष लाइव शो प्रसारित गर्नका साथै योग विशेषज्ञसंगको कार्यक्रम साक्षात्कार प्रसारित गर्नेछ। आकाशवाणी, मोरारजी देसाई राष्ट्रीय योग संस्थानको सहयोगले योगलाई जीवन शैलीका रूपमा बढ़ावा दिने र मानिसको समग्र कल्याणका लागि कार्यक्रम प्रसारित गर्नेछ। आयुष मंत्रालयले एउटा योग गीत तयार गरेको छ जसलाई सबै मीडिया प्लेटफर्ममा साझा गरिनेछ । सूचना एवं प्रसारण मंत्रालयले भनेको छ, अन्तरराष्ट्रीय योग दिवस मीडिया सम्मानका साथ निजी मीडिया संगठनलाई प्रोत्साहित गर्ने पहल जारी राखिनेछ। हर आँगन योग पहल अन्तर्गत, लगभग दुई लाख स्थानलाई समेट्दै, पन्चायत, आंगनवाड़ी केन्द्र र स्कूलमा योग सत्र आयोजित गरिनेछ। मंत्रालयले बताए अनुसार , अन्तर्राष्ट्रीय योग दिवस दुई हजार तेइसमा लगभग तेइस करोड़ भन्दा अधिक मानिसले भाग लिएका थिए।

निर्वाचन आयोग - जम्मू कश्मीर चुनाव

निर्वाचन आयोगले तत्काल प्रभावले जम्मू-कश्मीर विधानसभा चुनावका लागि एउटै चुनाव चिह्न मांगने राजनीतिक दलबाट आवेदन स्वीकार गर्ने फैसला लिएको छ । उच्चतम न्यायालयले पछिलो साल दिसम्बरमा निर्वाचक दललाई जम्मू-कश्मीरमा तीस सितम्बर सम्म विधानसभा चुनाव गराउने निर्देश दिएको थियो । पंजीकृत गैर-मान्यता प्राप्त दललाई चुनावका लागि उम्मेदवारको नाम घोषित गर्नुभन्दा अघी एउटै चुनाव चिह्नका लागि आवेदन गर्नु पर्नेछ।

सीबीआई-चार्जशीट

केन्द्रीय अन्वेषण ब्यूरोले नोकरीको बदलिमा जमीन मामिलामा पूर्व रेल मन्त्री श्री  लालू यादव, उनका परिवारका सदस्य अनि अन्य मानिसहरूका विरूद्ध अन्तिम आरोप पत्र दर्ता गरेको छ । यसमा विशेष अदालतले छ जुलाईमा  सुनवाई  गर्नेछ। यस अघी चार अक्टूबर  दुई हजार तेइसमा न्यायालयले काथित नोकरीका बदलिमा जमीन घोटालामा एउटा  नयाँ चार्जशीटका आधारमा पूर्व रेल मन्त्री श्री  लालू यादव, बिहारका पूर्व उप-मुख्यमन्त्री श्री तेजस्वी  यादव,  सुश्री राबडी देवी र अन्यलाई जमानत  दिएको थियो। एउटा अन्य मामिलामा सीबीआईले दिल्लीको लागु पदार्थ नीति मामिलामा बी.आर.एस नेताको कविता विरूद्ध पूरक आरोप पत्र दर्ता गरेको छ । विशेष न्यायाधीश सुश्री बावेजाले छ जुलाईमा यस मामिलामा सुनवाई गर्नुहुनेछ। अदालतले कविताको न्यायिक हिरासतलाई एकाइस जून सम्म बढाएको छ ।

शाम कांग्रेस कार्यसमिति

कंग्रेसको सर्वोच्च नीति निर्धारक संस्था कांग्रेस कार्यसमितिले सर्वसम्मतिसंग प्रस्ताव पारित गरेर पार्टीका  नेता  श्री राहुल गांधीसंग लोकसभामा विपक्षका नेताको भूमिका निभाउने अनुरोध गरेको छ । कांग्रेसका वरिष्ठ नेतालाई श्री  सी वेणुगोपालले कार्यसमितिको बैठक पछि संवाददता सम्मेलनमा भन्नुभयो, कार्यसमितिले मान्छ कि  श्री राहुल गांधीको नेतृत्वले  बलीयो तथा सतर्क विपक्षको भूमिका  निभाउनेछ।